(Notice no: NSTB/NVQS/MOSD-Gandaki-01)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

# गण्डकी प्रदेश, प्रदेश कार्यालय

मालेपाटन, पोखरा कास्की

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश

# सीप परीक्षणको आवेदन आह्वानको म्याद थप सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/९/१२)**
**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/१०/१४)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार गण्डकी प्रदेश सरकार सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय/ नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र स्थानीय तह लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने **भौचर प्रणालीमा आधारित पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा हुने तपसिलका पेशाहरुभित्रका **इकाईगत (unit base)** सीप परिक्षणमा सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारी बाट अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट सम्वन्धित स्थानीयतहमा रहेका तपसिल बमोजिमका पेशा र फारम संकलन केन्द्रहरुमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल:

### क) फारम सङ्कलन केन्द्रहरु

| क्र. स. | आवेदन फारम सङ्कलन केन्द्रहरू | सम्पर्क |
|---|---|---|
| १) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेश, प्रदेश कार्यालय | ९८५६०२२९४१ -जीबन भण्डारी<br>०६१ ५८२२७१ -कार्यालय |
| २) | माछापुच्छ्रे गाउँपालिका, कास्की | सम्झना पोखेल-९८४६२१८५९१<br>बिष्णु प्रसाद अधिकारी-९८६२३९४८९४<br>अनिल कार्की -९८६०२०५९५० |
| ३) | रुपा गाउँपालिका, कास्की | बाबुराम गैरे -९८४६१७१४६४<br>संजय दत्त ढकाल-९८४६४८१८९३<br>फारुकदिन मियाँ ९८२९१३३६०४ |
| ४) | गोरखा नगरपालिका, गोरखा | चन्द्र ब. खड्का -९८५५०५४५५५<br>अर्जुन भट्ट-९८४६७२७९९१ |

| | | |
|---|---|---|
| | | खड्ग ब. राणा- ९८४१५८८८१७<br>सुयोगरमण खनाल —<br>९८४३७०४०९२ |
| ५) | भीमसेनथापा गाउँपालिका, गोरखा | नारायण श्रेष्ठ, ९८५६०२७९९६<br>यान ब. नेपाली -९८५६००४०२७<br>प्रदिप भट्ट-९८४९६७९३५२ |
| ६) | शहिद लखन गाउँपालिका, गोरखा | अर्पण थापा -९८६१८८६८४३<br>हुम ब. गुरुङ-९८०६५०४०११ |
| ७) | गण्डकी गाउँपालिका, गोरखा | लक्ष्मण रेग्मी -९८६०१४८२५०<br>दिपा खड्का -९८६१८६३४००<br>अस्मिता पन्त- ९८४९२७११६९ |
| ८) | देवघाट गाउँपालिका, तनहुँ | होमनाथ लामिछाने -<br>९८४४२०९९८९<br>संगीता तामांग -९८४२०१७१५० |
| ९) | बन्दिपुर गाउँपालिका, तनहुँ | शिव कुमार श्रेष्ठ- ९८४६१७५००<br>शरण सिंग गुरुङ-९८५६०६७८२५<br>रोहित थापा -९८४३२१७९३१<br>सृजना अधिकारी-९८४३०९७८८२ |
| १०) | व्यास नगरपालिका, तनहुँ | केदारराज आचार्य -९८६०५९७६९<br>राजेन्द्र कार्की -९८५६०७५६७४<br>सुबोध घिमिरे-९८४६७२३४९५<br>सुजिता थापा-९८४३०४३८१५<br>लुना राणा- ९८४९६७०५६९ |
| ११) | हुप्सेकोट गाउँपालिका, नवलपरासी, सुस्ता पूर्व | कृष्ण तामांग -९८४४७७८६१५<br>तिर्थराज रेग्मी -९८६७०१६३०१०<br>हेम चन्द्र खनाल-९८५७०८७९६२ |
| १२) | फलेवास नगरपालिका, पर्वत | कमल गौतम -९८४६१४११०४<br>मुना शर्मा पौडेल -९८५७६५४७४८<br>लकास सुबेदी -९८४७६४५५२५ |
| १३) | जैमिनी नगरपालिका, बागलुङ | खेम प्र. आचार्य -९८५७६३०१९०<br>सुरेश पुन — ९८५७६२५१५४ |
| १४) | अन्नपूर्ण गाउँपालिका, म्याग्दी | रमेश थापा-९८५७६८४८१०<br>गणेश कटुवाल-९८५७६८३८१५<br>बिष्णु गौतम-९८४७६३८३३४ |
| १५) | बेसिशहर नगरपालिका, लमजुङ | सुकेश कुँवर-९८५६०५९१४०<br>मनोज थापा -९८४६७५३५१५<br>पुष्पा चौहान -९८४४३४१८१२ |
| १६) | आँधीखोला गाउँपालिका, स्याङ्जा | लक्ष्मी शर्मा सापकोटा-<br>९८४६०३६१४९<br>सुजाता पौडेल -९८६६०२९३८९ |

| | | |
|---|---|---|
| १७) | वालिङ नगरपालिका, स्याङ्जा | पवन बश्याल -९८४१२८४९८९<br>हरि शर्मा खनाल-९८४१९८११७९ |

**<u>परीक्षण हुने व्यवसाय र तह:</u>**

| क.स | पेशा | तह |
|---|---|---|
| १) | कन्सट्रक्सन मेसन | २ |
| २) | प्लम्बर | २ |
| ३) | वेल्डर | २ |
| ४) | बिल्डिङ पेन्टर | २ |
| ५) | टाईल मार्बल फिक्सर | १ |
| ६) | मोटरसाइकल मेकानिक | २ |
| ७) | सेल मोबाइल फोन टेक्निसियन | २ |
| ८) | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किंग टेक्निसियन | २ |
| ९) | रेफ्रिजेरेटर एण्ड एयरकन्डिसन मेकानिक | २ |

**ख) <u>आवेदनको लागि न्यूनतम योग्यता:</u>**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

**ग) <u>आवेदन तथा रजिस्ट्रेसन शुल्क:</u>** रु २७० (आवेदकले व्यहोर्ने)

**घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:</u>**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट https://mosd.gandaki.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेशको वेभसाइट https://ctevtgandaki.org.np बाट डाउनलोड गर्न तथा तोकिएको फारम संकलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको संकलन केन्द्रमा मिति २०८१।१०।२८ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फारम बुझाउने अन्तिम दिन सार्वजानिक बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध

सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

१०) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको मात्र प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

११) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु ७०।–(आवेदन फारम संकलन,रुजु तथा डाटा प्रविष्टि) का दरले कट्टा गरी बाँकीं रकम जम्मा गर्ने स्थानिय तह/ केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई गण्डकी प्रदेश, प्रदेश कार्यालय, पोखरा कास्कीको नाममा रहेको रास्ट्रीय बाणिज्य बैंकको खाता नं. ३५००१०००००२३३००१ मा रकम जम्मा गरी सक्कल भौचरको स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१२) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश, प्रदेश कार्यालयको सम्पर्क नम्बर ०६१- ५८२२७१, ९८५६०२२९४१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०६१-५९०८७५, ९८४२६४८०७९, ९८५७०३६३४८ मा सम्पर्क गर्न सकिने छ ।

**निर्देशक**